# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. ५८९०

मिति: २०८०/१२/१३

विषयः सुझाव कार्यान्वय सम्बन्धमा।

श्री वडा कार्यालय(१-२९) सबै,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.५१५ मिति २०८०/१२/०९ को प्राप्त पत्रानुसारको व्यहोरा अवगत गर्नु भई सो अनुसार गर्नु/गराउनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ
श्री सूचना प्रविधि शाखा Website मा Upload गरिदिनुहुन ।

...................................
राजन सापकोटा
(शाखा अधिकृत)

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०८०/८१ मितिः- २०८० चैत्र ९ गते

च.नं.: ५१५

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ५ को प.सं. ५/उर्जा/०८०/८१ मिति २०८०।१२।५ च.नं. ५०५६४ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आयोगमा परेको उजुरीको अनुसन्धान तहकिकात गर्दा स्थानीय स्तरमा उपभोक्ता समिति मार्फत हुने विधुतिकरण, निर्माण योजना लगायतका कार्यहरुमा आर्थिक पारदर्शिताको लागि नियमित लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरु गर्नु पर्ने भनी सम्झौतामा उल्लेख गरेका विषयहरु उपभोक्ता समितिले नगर्ने गरेको पाइएकोले उपभोक्ता समितिको काममा पारदर्शितालाई सबल बनाउन आयोगको निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

**सुझाव**

"गाउँ स्तरमा सञ्चालनमा रहेका, स्थानीय तहका बजेट परिचालनका लागि स्थापना भएका उपभोक्ता समितिहरुले आफ्नो कार्यको वार्षिक लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरु नियमित गरी गराई पारदर्शिता अभिवृद्धि गर्न गराउन"

दर्ता नं. १८०८३

दर्ता मिति २०/१२/१२

शेखर निधि पौडयाल

शाखा अधिकृत

बोधार्थः

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

महाशाखा नं. ५, टङ्गाल, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६

इमेलः it.section@mofaga.gov.np, वेबसाईटः www.mofaga.gov.np

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
महाशाखा नं. ५


पत्र सङ्ख्या :- ५/ उर्जा/०८०/८१
चलानी नं. :- २०४६४

अत्यन्त जरुरी, गोप्य

मिति: २०८०।१२।०५
११४४ चिल्लाध्व ९, सोमवार

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार।

प्रस्तुत विषयमा यस आयोगमा दर्ता भएको उ.द.नं. ८-०४९४६१, मिति २०७९।०३।१९को उजुरी उपर अनुसन्धान तहकिकात गर्दा स्थानीय स्तरमा उपभोक्ता समिति मार्फत हुने विद्युतिकरण, निर्माण योजना लगायतका कार्यहरूमा आर्थिक पारदर्शिताको लागि नियमित लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरू गर्नु पर्ने भनी सम्झौतामा उल्लेख गरेका विषयहरू उपभोक्ता समितिले नगर्ने गरेको पाइएकोले उपभोक्ता समितिको काममा पारदर्शितालाई सवल वनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पूर्ण स्थानीय तहहरूलाई "गाउँ स्तरमा सञ्चालनमा रहेका, स्थानीय तहका बजेट परिचालनका लागि स्थापना भएका उपभोक्ता समितिहरूले आफ्नो कार्यको वार्षिक लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरू नियमित गरी गराई पारदर्शिता अभिवृद्धि गर्न गराउन" सुझाव लेख्ने निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

(श्रीयंका रौनियार)
इन्जिनियर


फोन: ४२६२१८० ४२६२२८८, हुलाक [illegible] ४२३३, फ्याक्स: ४२६२१०८, ४२६२९०४ E-mail: akhtiyar@ntc...